# नवलपुर जिल्ला अदालत,
## कावासोती

पत्र. संख्या ०७५/०७६
चलानी नं.                                                                 मितिः २०७६-०२-०२

## सूचना ! सूचना !! सूचना !!!

***विषयः- प्रमाणपत्र अद्यावधिक गर्ने सम्बन्धमा ।***

उपर्युक्त सम्बन्धमा नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना अनुसारको साविकको नवलपरासी जिल्ला विभाजन भई नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) दुई जिल्लामा विभाजन भएपछि नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) मा मिति २०७४।८।५ मा नवलपुर जिल्ला अदालतको स्थापना भएको र हालसम्म साविकमा नवलपरासी जिल्ला अदालतबाट लेखापढी व्यवसायीको प्रमाणपत्र लिनु भएका लेखापढी व्यवसायीहरूले यस नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) जिल्लामा पनि लेखापढी गर्दै आउनु भएको छ । लेखापढी व्यवसायी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी कार्य गर्ने लेखापढी व्यवसायीहरूलाई प्रमाणपत्र दिने, निजहरूको विवरण अद्यावधिक गर्ने समेतका कार्य सम्बन्धित जिल्ला अदालतले गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

अतः साविकमा नवलपरासी जिल्ला अदालतबाट लेखापढी व्यवसायीको प्रमाणपत्र लिनु भई हाल यस नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) जिल्लाका अड्डा अदालत, स्थानीय तह समेतमा लेखापढी व्यवसायीको रूपमा कामकाज गरी रहनु भएका सम्पूर्ण लेखापढी व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले २५ (पच्चीस) दिन भित्र देहायका कागजातहरू संलग्न राखी विवरण अद्यावधिक गराउन हुन यस अदालतको मिति २०७६।०२।०२ का निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । यस अदालतमा आफ्नो विवरण अद्यावधिक नगराई यस जिल्ला भित्र लेखापढी व्यवसायीको रूपमा कामकाज गरेमा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम हुने बेहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

***निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू:-***

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. नवलपरासी जिल्ला अदालतबाट प्राप्त गरेको लेखापढी व्यवसायी प्रमाणपत्रको प्रतिलिपि ।
३. निवेदनसाथ रू.११०।-दस्तुर बुझाउनु पर्नेछ ।
४. निवेदकहरूको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।

............
( तारादत्त बड़ू )
स्रेस्तेदार (उप-सचिव)